नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: २०७८/७९ (अनुमतिपत्र)
चलानी नं.: ८४२

मिति: २०७८/१०/०९

विषय:- हेवा खोला (चैनपुर) जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बारे ।

श्री चपुंग तेम हाइड्रो पावर प्रा.लि. ।
भीमसेनगोला ,काठमाडौं-३४, नेपाल ।
फोन नः ९८४१२०२५७५, ९८४११९३७२७।

प्रस्तुत विषयमा मिति २०७४/०५/१४ मा हेवा खोला (चैनपुर) जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या (वि.वि.वि.०७४/७५, वि.उ.स. ८८९) तहांको नाउंमा जारी भइ मिति २०७८/०५/१३ सम्म अनुमतिपत्र नवीकरण भएकामा विद्युत ऐन, २०४९ को दफा ५ (३) तथा विद्युत नियमावली, २०५० को नियम २५ बमोजिम अनुमतिपत्र नवीकरण गराउनुपर्ने वा नियम १२ बमोजिम विद्युत उत्पादन अनुमतिपत्रको माग गरी अनुमतिपत्रको वहाल म्याद भित्रै विद्युत नियमावली, २०५० को नियम २४(२) बमोजिमको अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्ने व्यवस्था रहेको व्यहोरा अवगत नै होला ।

तर सर्वेक्षण अनुमतिपत्रको म्याद भित्रै अनुमतिपत्रको म्याद थप वा विद्युत उत्पादन अनुमतिपत्रको लागि अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्नेमा तहांले तोकिएको उक्त म्याद मिति भित्र दस्तुर सहित दरखास्त पेश गरेको नदेखिंदा प्रस्तुत अनुमतिपत्र रद्द हुने देखिन्छ। अतः रद्द गर्नु नपर्ने कुनै कारण भए यो पत्र प्राप्त भएको मितिले **१५ दिन** को समयावधि भित्र प्रमाण/आधार सहित स्पष्टीकरण पेश गर्नुहुन विभागको मिति २०७८/१०/०२ को निर्णयानुसार जानकारी गराइन्छ।

(सुजन निरौला)
इन्जिनियर